# आन्तरिक आय संकलनको लागि
# शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०७/२१

स्थानीय सरकार संचालन ऐन २०७४ तथा बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त कार्यविधी २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आ.व.०७९/८० को बाँकी अवधिका लागि बार्षिक उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित शर्त बमोजिमको समयमा शिलबन्दी दरभाउपत्र कार्यालयबाट खरिर्द तथा दाखिला गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक (मू.अ.कर वाहेक) | शिलबन्दी दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | जडिबुटी, कवाडी, जिवजन्तु कर तथा हाटबजार बहाल विटौरी शुल्क | १५,००,०००/- | ३०००/- | (आर्थिक ऐन २०७९ को अनुसूचि ५सि.नं.६,७,१५,१६,१७,१८,१९,१०,२१,२७,२८,५४,५५, ५९ र अनुसूचि ९ ) |

शर्तहरु :

१. इच्छुक शिलबन्दी दरभाउपत्रदाताले नागरिकताको प्रमाणपत्र, **PAN/ VAT** दर्ता प्रमाणपत्र र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र पेश गरी कार्यालयबाट १५ औ दिन कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ।

२. खरिद गरिएको शिलबन्दी दरभाउपत्र भरी १६ औ दिनको १२ बजे भित्र कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। कार्यालयमा पर्न आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजेपछि शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. शिलबन्दी दरभाउपत्र फारममा कबोल अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएमा केरमेट भएको ठाँउमा शिलबन्दी दरभाउपत्रदाताले स्पष्ट सहिछाप गरेको हुनुपर्नेछ।

४. शिलबन्दी दरभाउपत्र फारम खरिद बापतको रकम यस कार्यालयको एन. आइ. सि. बैङ शाखा विर्ताबजारको हि.न २४६२०५००२८३५४००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर कार्यालयमा पेश गर्नुपर्नेछ।

५. शिलबन्दी दरभाउपत्रमा उल्लेखित कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको एन.आइ. सि. बैक शाखा विर्ताबजारको हि.न २४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यताप्रात्र क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय बिस) दिन म्याद भएको विडवण्ड शिलबन्दी दरभाउपत्रसाथ दाखिला गर्नुपर्नेछ।

६. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा बिर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

७. शिलबन्दी दरभाउपत्रदाताहरुले नगरपालिकालाई बुझाउनु पर्ने बाँकी कर वक्यौता रकम भएमा त्यस्ता व्यक्ति वा फर्महरुले बाँकी कर बक्यौता रकम नबुझाएसम्म निजले शिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन।

८. शिलबन्दी दरभाउपत्रदाताले नाम र ठेगाना स्पष्टसँग उल्लेख गरी ठेक्का नं. समेत उल्लेख गरी शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

९. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमश भोलिपल्ट हुनेछ।

१०. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालय निहित हुनेछ।

११. शर्त राखि पेश गरेको रीत नपुगेको र म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र माथि कुनै प्रकारको कारबाही हुने छैन।

१२. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

१३. यस सम्बन्धमा थप कुराहरु बुझ्न परेमा कार्यालय समयभित्र बिर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राखि बुझ्न सकिनेछ।

१४. ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने शिलबन्दी दरभाउपत्र फारममा उल्लेख गरिएको छ। शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पूरा गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner